# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, चैत २४ गते २०४६ साल (अतिरिक्ताङ्क ६६

## भाग ३

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ महाराजाधिराज सरकारबाट मिति २०४६।१२।२४ को शाही घोषणामा हुकुम बक्से बमोजिम हाल मुलुकमा घटेका घटनाहरूबाट भएको जनधनको क्षतिको जाँच गरी सो विषयमा ठहर राय सहितको प्रतिवेदन १ महीनाभित्र पेश गर्ने गरी श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको जाँचबुझ आयोग गठन गरी सो आयोगको काम, कर्तव्य, अधिकार र कार्याविधि देहायबमोजिम तोकिदिएको छ :–

क) आयोगको गठनविधिः–

१. श्री प्रचण्डराज अनिल, माननीय अतिरिक्त न्यायाधीश, सर्वोच्च अदालत – अध्यक्ष

२. श्री हरिप्रसाद शर्मा, न्यायाधीश, मध्यमाञ्चल क्षेत्रीय अदालत – सदस्य

३. श्री केदारनाथ आचार्य, न्यायाधीश, मध्यमाञ्चल क्षेत्रीय अदालत – सदस्य

ख) आयोगको काम, कर्तव्य र अधिकारः– आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

१. विगत केही समययता देशका विभिन्न भागमा घटेका घटनाबाट हुन गएको जनधन क्षतिबारे छानबीन गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६

२. यसप्रकार जनधनको क्षति के कसको त्रुटीबाट हुन गएको हो सोको कारण पत्ता लगाउने ।

३. यस क्रममा श्री ५ को सरकारले के कस्तो कारवाही गर्नु पर्ने हुन्छ सोको ठहर राय सहितको प्रतिवेदन पेश गर्ने ।

४. माथिका प्रकरणहरूबमोजिम काम गर्नको लागि आयोगले उक्त ऐनका अधिकारहरू प्रयोग गर्ने ।

ग) आयोगको कार्यावधिः– आयोगको कार्यावधि आयोगले काम शुरू गरेको मितिले एक महीनाको हुनेछ ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको मुख्य सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार